त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, परीक्षा शाखा, बल्खु

# B.Sc.CSIT पठन पाठन हुने आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा भर्ना सम्बन्धी सूचना

विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयबाट मिति २०८३ साल भाद्र ९ गते प्रकाशित B.Sc.CSIT कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि विषयको दोश्रो तथा पूर्ण लिष्टमा क्याम्पस/कलेजहरुले तेश्रो, चौथो र आवश्यकता अनुसारको लिष्ट प्रकाशित गरि **२०८३ भाद्र २३ गते** सम्म भर्ना प्रक्रिया सम्पन्न गरी सक्नु पर्ने भनिएता पनि भाद्र २३ गते विदा पर्न गएकोले २०८३ भाद्र २४ गते बेलुका ५:०० बजेसम्म भर्ना प्रक्रिया सम्पन्न गर्न/गराउनु हुन सूचित गरिन्छ । साथै सोही सूचनाको प्रकाशित बुँदा नम्वर ३ मा उल्लेख भए बमोजिम क्याम्पस/कलेजहरुमा कोटा रिक्त हुन आएमा, प्राथमिकता सूची नभरेका वा थोरै संख्यामा क्याम्पस/कलेजहरु राखी प्राथमिकता सूची भरेका, हालै भाद्र १० गते गएको महाविपत्तीको कारण स्वयम् बाढी पिडित भएका वा बाटो अवरुद्ध भई क्याम्पस/कलेजमा उपस्थित भई सम्बन्धित क्याम्पस/कलेजको भर्ना आवेदन फाराम भर्नबाट बञ्चित भएका विद्यार्थीहरुको आवेदन लिई मेरिटको आधारमा भर्ना गर्न/गराउनु हुन सूचित गरिन्छ

अन्य जानकारीहरु पूर्व प्रकाशित सूचना अनुसार नै हुनेछ ।

सहायक डीन

मिति : २०८३।०५।२२